# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, फागुन ४ गते २०५४ साल (अतिरिक्ताङ्क ५८

## भाग ३

श्री ५ को सरकार

### प्रधानमन्त्री कार्यालयको सूचना

### रोजगार प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५४

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "रोजगार प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित रोजगार प्रवर्द्धन

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य-सचिव" भन्नाले समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. रोजगार प्रवर्द्धन विकास समितिको गठन : (१) मुलुकमा विद्यमान रोजगारी स्थितिको अध्ययन गर्ने, रोजगारका नयाँ क्षेत्रहरूको पहिचान गर्ने तथा रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने काम समेतको लागि रोजगार प्रवर्द्धन विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छन् :-

(क) श्री ५ को सरकारले तोकेको मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (गरिबी निवारण हेर्ने) - सदस्य

(ग) सचिव, प्रधानमन्त्री कार्यालय - सदस्य

(घ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(ङ) रोजगार प्रवर्द्धन सम्वन्धमा विशेष ज्ञान भएका व्यक्तिहरूमध्येवाट श्री ५ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9362

सरकार बाट मनोनीत दुईजना - सदस्य

(च) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुन: मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रोजगार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्न श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने ।

(ख) मुलुकभित्र रहेका रोजगार तथा बेरोजगार व्यक्तिहरूको तथ्याङ्क संकलन गरी अद्यावधिक रूपमा राख्ने ।

(ग) स्वदेश तथा विदेशमा रोजगारका नयाँ -नयाँ क्षेत्रहरुको पहिचान गर्ने र त्यस्तो क्षेत्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्न आवश्यक तालीमको व्यवस्था गर्ने ।

(घ) सीप विकास तथा व्यवसायमूलक तालीम वा कार्यक्रम संचालन गर्ने विभिन्न निकायहरूसंग समन्वयको रूपमा काम गर्ने ।

(ङ) आर्थिक रूपले ज्यादै पिछडिएका क्षेत्रका व्यक्तिहरूको लागि रोजगार प्रवर्द्धन सम्बन्धी विशेष किसिमका तालीम वा कार्यक्रम संचालन गर्ने गराउने ।

(च) विभिन्न निकाय, संस्था वा उद्योगहरूको माग अनुरूप दक्ष जनशक्ति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

12602

तयार गर्न आवश्यक कार्य गर्ने ।

(छ) शिक्षित तथा तालीम प्राप्त बेरोजगार व्यक्तिहरूलाई स्वरोजगार तर्फ प्रोत्साहन गर्न आवश्यक ऋण एवं अन्य सहयोग उपलब्ध गराउने ।

(ज) शिक्षित तथा तालीम प्राप्त व्यक्तिहरूको लगत अद्यावधिक रूपमा तयार गरी राख्ने तथा त्यस्ता व्यक्तिहरूलाई रोजगार उपलब्ध गराउन सम्बन्धित निकायहरूमा सिफारिस गर्ने ।

(झ) रोजगार प्रवर्द्धन सम्बन्धमा जनचेतना बढाउन तथा सो सम्बन्धमा आवश्यक सुझाव संकलन गर्न विभिन्न समयमा गोष्ठी, सेमिनार तथा सम्मेलन आयोजना गर्ने ।

(ञ) रोजगार प्रवर्द्धन सम्बन्धमा श्री ५ को सरकारले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(ट) देशको आर्थिक तथा सामाजिक विकासका विभिन्न क्षेत्रहरूमा उत्पादनशील रोजगारीका अवसरहरू बढाउने वातावरण तयार गरी बेरोजगार तथा अर्ध बेरोजगार जनशक्तिलाई पूर्ण रोजगार वा स्वरोजगार बनाउन सहयोग गर्ने ।

(ठ) समितिबाट वर्षभरी भए गरेका काम कारबाईको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने ।

(ड) समितिको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने ।

(ढ) समितिको कार्य संचालनका लागि आवश्यकतानुसार दरबन्दी स्वीकृत गर्ने र कर्मचारी नियुक्ति गर्ने ।

(ण) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्यहरू गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२६४

५. समितिको बैठक सम्बन्धी कार्यविधि : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशक : (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्नको लागि श्री ५ को सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निजको पदावधि पुन: एक अवधिको लागि थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा श्री ५ को सरकारले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३६२

कार्यकारी निर्देशकलाई निजको पदावधि पूरा नहुँदै पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

७. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार:- कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

८. समितिका कर्मचारी :- (१) समितिले आवश्यकतानुसार कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्वन्धी व्यवस्था तोकिएवमोजि हुनेछ ।

९. समितिको कोष:- (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त रकम ।

(ग) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा बापत प्राप्त हुन आउने रकम ।

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) अन्तर्गतको रकम प्राप्त गर्नुअघि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
12668

समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको खाता कार्यकारी निर्देशक र समितिले तोकेको समितिको कुनै कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

१०. समितिको लेखा र लेखा परीक्षण :- (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरू नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

११. उप-समिति वा कार्यटोली गठन गर्न सक्ने :- (१) समितिले यो आदेश र यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने काम गर्न गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उप-समिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्याविधि समितिले तोकेबमोजिम हुनेछ ।

१२. बैठक भत्ता :- समिति, उप-समिति वा कार्यटोलीका सदस्यहरूले बैठकमा भाग लिए बापत श्री ५ को सरकारले तोके बमोजिम बैठक भत्ता पाउनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
92606

१३. श्री ५ को सरकारसँग सम्पर्क :- समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री कार्यालयमार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालय :- समितिको मुख्य कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ र समितिले आवश्यकतानुसार काठमाडौं उपत्यकाबाहिर शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

१५. अधिकार प्रत्यायोजन :- समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, दफा ११ बमोजिमको उप-समिति वा कार्यटोली, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. निर्देशन दिन सक्ने :- श्री ५ को सरकारले समितिको कामसँग सम्बन्धित विषयमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. समितिको कार्यालयको नामकरण :- समितिको कार्यालयको नाम **रोजगार प्रवर्द्धन समिति** रहनेछ ।

१८. नियम बनाउने अधिकार :- यस आदेशको उद्देश्य प्राप्तिको लागि समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्ता नियमहरू लागू हुनेछन् ।

आज्ञाले,

डि.बि.भट्टराई

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित

1365

गरिएपछि मात्र लागु हुनेछ।